जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८६ २०७७ साल कात्तिक १४ गते शुक्रबार (30 Oct. 2020 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा क्लिन फिड ... ३ पृष्ठमा : कृषि क्षेत्रको विकासका ... ३ पृष्ठमा : अमेरिकी चुनावः नयाँ ...

## कंचनपुरमा कोभिड १९ अस्थायी अस्पताल संचालन



**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा पाँच बेडको कोभिड १९ अस्थायी अस्पताल निर्माण भएको छ । निर्माण भएको उक्त अस्पतालको बिहीबार एक कार्यक्रमबीच नगर प्रमुख बसन्त कुमार मिश्रले उद्घाटन गरेका छन् ।

कञ्चनरुप ८ कंचनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रको हाताभित्र निर्माण भएको अस्पतालको उद्घाटन गर्दै प्रमुख मिश्रले नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको बताए । उनले आउँदो केहि दिन भित्रै प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक सेवा र सर्पदंशकको उपचार सेवा समेत सुरु गर्न लागिएको जानकारी समेत दिए ।

उद्घाटन कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यले कञ्चनरुप नगरपालिकाले कोभिड १९ को संक्रमणलाई रोकथाम गर्नका लागि सुरुदेखि नै सचेत भएर काम गरेकोप्रति प्रसंसा गरे ।

सोही कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका निमित्त कार्यालय प्रमुख दुनियालाल यादवले स्वास्थ्यकर्मीहरुले आफ्नो मनोबल नघटाइ गुणस्तरीय सेवा दिनुपर्नेमा जोड दिए ।

नेपाल सरकारको १० लाख तथा बाँकी नगरपालिकाले सहयोगमा ५ बेडको कोभिड

*बाँकी तीन पृष्ठमा*

## प्रदेश २ मा आज सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, १३ कात्तिक ।**

प्रदेश २ सरकारले इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्म दिनको अवसरमा शुक्रबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

प्रदेश सरकारले २०७७ सालमा बिदासहित नेपाल सरकारले तोकेको बिदा दिनबाहेक थप ६ दिन बिदा दिने सूची बनाए अनुसार यो बिदा दिएको जनाएको छ ।

प्रदेश सरकारको बिदाको सूचीमा साउन १९ गते रक्षा बन्धन, साउन २७ गते कृष्णाजन्मष्टमी, कात्तिक १४ गते पैगम्बर महम्मदको जन्म दिन, पुस ४ गते विवाहपञ्चमी, माघ ५ गते मधेस आन्दोलन स्मृति दिवस र चैत १७ गते होली पर्व रहेको छ ।

यसैबीच मुख्यमन्त्री लालबाबु राउतले इस्लाम धर्मका प्रवर्त्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनका अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बी र प्रदेशवासीमा शुभकामना व्यक्त गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयद्वारा बिहीबार जारी गरिएको विज्ञप्तिमा प्रदेश र देशलाई शान्ति र अहिंसाको बाटामा लान पैगम्बरको प्रेरणादायी जीवन र उपदेशले सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गरिएको छ ।

## हार्दिक समवेदना



स्व. मानपुर चौधरी

सप्तरीको कंचनरुप नगरपालिका ४ जगतपुर निवासी तथा संविधान सभा सदस्य मानपुर चौधरीको ५५ वर्षको उमेरमा असामयिक निधन भएकोमा स्तब्ध भएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**प्रभाकर यादव**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति, सप्तरी**

## हार्दिक समवेदना

जन्म मिति
बि.स. १९९७



स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्भ भएका छौ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**गजेन्द्र कुमार मण्डल**
**केन्द्रिय सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## सम्पादकीय

# जुवातास नियन्त्रण गर्नेतर्फ ध्यान पुगोस्

तिहार लागेसँगै जुवातासको खेलहरु पनि बढ्दै गएको छ । अहिले चाडपर्वको नाममा जुवाडेहरु सकृय भइरहेपनि निकायले यसप्रति ध्यान दिन सकेका छैनन् । सप्तरी सदरमुकाम बाहेक कंचनपुर, भारदह, हनुमाननगर, कल्याणपुर सहितका ठाउँहरुमा पनि व्यापक जुवाका खेलहरु हुँदै आएका छन् । स्थानीय प्रशासनले यसको नियन्त्रण गर्न नसक्दा अधिकांस व्यक्ति लहैलहैमा लागेर धनसम्पत्ति त्यसै सिध्याइरहेका छन् । जुवा खेल्नेहरुबीच जीत, हार भएपनि खेलाइने माफियाहरुले दैनिक हजारौं रुपैयाँ असुली गरिरहेका छन् ।

पेट पाल्ने, घर बनाउनेदेखि लिएर सन्तानको शिक्षादिक्षा, स्वास्थ्य उपचार जस्ता महत्वपूर्ण कामहरु व्यक्तिहरुलाई गर्नैपर्छ । यस बाहेक पनि दैनिक जीवनमा आइपर्ने बिभिन्न किसिमका कामहरु गर्न पनि रुपैयाँकै खाँचो पर्छ । तर, यी कामहरुलाई अधुरो बनाइदिन्छन् जुवाले । कौडी र जुवाले सारा सम्पत्ति पनि बिना कारण हावामा उडेझैं सिधिने भएका कारण यसप्रति स्वयं जुवाडेहरुलाई सोंच्नु जरुरी छ । यदी जुवाडेहरुलाई जुवाकै नशा छ भने तीनका परिवार र त्यहाँबाट पनि सम्भव नभए प्रहरी-प्रशासनले भएपनि त्यस्ता व्यक्तिहरुलाई सुधार्न कोशिस गर्नुपर्छ ।

जुवा धेरै घरलाई तहसनहस पारिसकेको कसैसँग लुक्न सकेको छैन् । स्वयं जुवाडेहरु पनि धेरै सम्पत्ति गुमाएर पश्चाताप नगरेका होइनन्, तर ध्यान दिन सकेका छैनन् । जुवामा हारिए पुनः जित्ने मनसायले पनि लगातार जुवा खेल्ने बानी बसेको हुन्छ व्यक्तिमा । रुपैयाँ हारेपछि पुनः खेल्न जानु वा पश्चातापमा पर्नुभन्दा नखेल्नु नै बेश हुन्छ । यदी जुवा खेल धेरै भइरहेको छ पनि त्यसलाई निरुत्साहित पार्ने काम प्रहरीको पनि हो । यसैले जुवा नियन्त्रण गर्न सबै मिलेर अगाडि बढौं ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# नेपालमा क्लिन फिड किन ?



**नवराज रिमाल**

अहिले चर्चामा रहेको शब्द हो- क्लिनफिड । ७ कात्तिकदेखि नेपालमा क्लिनफिड लागू भएको छ । पहिलोपटक २०७४ सालमा चर्चामा आए पनि सरकारले लागू गर्न सकेको थिएन । यसपटक ऐनमै मिति उल्लेख भएका कारण लागू गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय बाध्य भयो ।

**क्लिनफिड के हो, के होइन ?**

सामान्य मानिसले बुझ्न सक्ने भाषामा भन्दा हामीले दैनिकरूपमा टेलिभिजन हेर्दा देखिने विज्ञापन समावेश नभई टेलिभिजन कार्यक्रममात्र आउनुलाई क्लनिफिड भनिन्छ । अर्थात्, विदेशी टेलिभिजनले विज्ञापन नबजाई कार्यक्रम मात्रै संचालन गर्नुलाई बुझिन्छ ।

नेपालमा हाल प्रसारित विदेशी टेलिभिजन च्यानलहरूले ग्राहकबाट टेलिभिजन हेरेबापत रकम पनि असुल्ने अनि विज्ञापन पनि समावेश गर्ने अवस्था थियो । अब कात्तिक ७ उप्रान्त विदेशी टेलिभिजन च्यानलहरूले कार्यक्रम बाहेक कुनै पनि प्रकारको विज्ञापन, लोगो, प्रोमो वा प्रमोशनहरू प्रसारण गर्न पाउने छैनन् ।

नेपालको संविधान बमोजिम संघीय संसदले विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ पास गरी सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भई मिति २०७६र०७र०८ गतेको नेपाल राजपत्रमा प्रकाशितसमेत भइसकेको विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ६ को उपदफा (१) मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले विज्ञापनरहित ( क्लिनफिड) प्रसारण गर्नुपर्नेछ भन्ने व्यवस्था छ ।

उपदफा (२) मा, उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुँदाको बखतमा विदेशी च्यानलसँग डाउनलिंक गरी प्रसारण गर्न सम्झौता गरिसकेका संस्थाहरूले यस ऐन प्रारम्भ भएको एक वर्षभित्र विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ भन्ने व्यवस्था छ । उपदफा (३) मा विदेशी विज्ञापनलाई नेपालका संचार माध्यमले प्रसारण गर्दा डबिङ गरी प्रसारण गर्न पाइने छैन भन्ने स्पष्ट व्यवस्था छ ।

**साविक व्यवस्था**

साविकमा नेपाल सरकारले नै २०७५ साउन १ गतेबाट लागू हुने गरी राजपत्रमा नै सूचना प्रकाशित गरी नेपालमा डाउनलिंक हुने विदेशी टेलिभिजन च्यानलहरूलाई चार किसिमले वर्गीकरण अनुमतिपत्र प्रदान गर्दै आएको थियो । जसमा विज्ञापन समावेश नभएका च्यानलहरू डाउनलिंक गरी प्रसारण गर्न प्रतिच्यानल एकलाख रूपैयाँ तोकिएको छ ।

विज्ञापन समावेश भएका निःशुल्क च्यालनको हकमा प्रतिच्यानल ५ लाख र विज्ञापन समावेश भएका सशुल्क च्यानलको हकमा प्रतिच्यानल ३ लाख रूपैयाँ तोकिएको छ । विज्ञापन समावेश भएका सशुल्क च्यानलको हकमा प्रतिच्यानल ७ लाख लाग्ने भनिएको छ ।

नेपालमा डाउनलिंक गर्ने यन्त्र-उपकरण आयात र बिक्रि-वितरण गर्नेको हकमा बिक्रि-वितरणको लाइसेन्स लिने भने पचास हजार रूपैयाँ र विदेशी च्यानलहरूको नेपालमा आधिकारिक विक्रेता भई आफूले डाउनलिंक गरेका च्यानलहरू एमएसओ र डिजिटल केवलहरूलाई वितरण गर्नेको हकमा प्रतिच्यानल ५० हजार रूपैयाँ दाखिल गरी अनुमतिपत्र लिनुपर्ने यसरी लिएको अनुमतिपत्र हरेक वर्ष नवीकरण गर्नुपर्ने र नवीकरणको हकमा अनुमतिपत्र जारी दस्तुरको १० प्रतिशत शुल्क लाग्ने भनिएको छ ।

जस्तै : विज्ञापन समावेश नभएका च्यानलको हकमा डाउनलिंक अनुमतिपत्र दस्तुर १ लाख भए, सो च्यानलको नवीकरण दस्तुर १० हजार मात्रै लाग्ने, यसैगरी विदेशी च्यानलहरूको हकमा प्रतिच्यानल १० हजारका दरले प्रसारण तथा वितरण शुल्क (रोयल्टी) दाखिला गर्नुपर्ने कानुनी व्यवस्था गरेको थियो । जसअनुसार सोही व्यवस्थाको अनुसरण गर्दै नेपालमा मदानी, ब्रह्मकुमारीजस्ता विज्ञापन समावेश नभएका सोनी म्याक्स, डिस्कोभरीजस्ता विज्ञापन पनि समावेश हुने अनि ग्राहकबाट रकम पनि असुल्ने च्यानलसमेत संचालित थिए ।

**क्लिनफिडको आवश्यकता किन ?**

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले दोहोरो रकम असुलिरहेको अवस्था विदितै थियो । एकातिर नेपालस्थित विदेशी टेलिभिजनका आधिकारिक विक्रेता र सम्पर्क व्यक्ति तथा संस्थाहरूले एमएसओ र डिजिटल केवलहरूबाट टेलिभिजन प्रसारण गरेबापत मोटो रकम असुल्ने साथै हरेक वर्ष टेलिभिजन प्रसारणको शुल्क बढाउँदै लैजाने र नेपालबाट करोडौं रकम विदेश लैजाने गरेका थिए ।

अर्कोतिर, उनीहरूले आफ्ना च्यानलमा विदेशी विज्ञापन बजाउँदै आएका थिए । यसरी नेपाली माटोमा टेलिभिजन प्रसारण गर्ने अनि ग्राहकबाट रकम पनि असुल गर्ने तर नेपाली भेषभूषा र संस्कृतिलाई संरक्षण त परको कुरा, अवमूल्यन गर्दै विदेशी संस्कृति र परम्परा भित्र्याउँदै नेपाली संस्कृति मास्न जातजाति र भाषाभाषिको साम्प्रदायिक एकतामा समेत खलल पुर्याउने कार्य गर्दै आएका थिए ।

यसको पछिल्लो उदाहरण हो( नेपालले सिमानाको नयाँ नक्सा जारी गर्दा नेपालस्थित चीनकी राजदूतलाई विषकन्या भन्दै अनेक भिडियोहरू राष्ट्रिय टेलिभिजनमै प्रसारण गर्ने हर्कत गरेका थिए । यसले नेपाललाई के सबक सिकायो भने भारतले नेपालको सांस्कृतिक अतिक्रमण गर्दै नेपालमा सांस्कृतिक उपनिवेशतिर धकेल्न उद्यत छ ।

नेपालमा प्रसारणको अनुमति लिएका विदेशी टेलिभिजनहरूले अकउप्रान्त डविङ गरेर समेत विज्ञापन समावेश गर्न पाउने छैनन् । यसले नेपालको विज्ञापन बजारलाई विस्तार गर्न मद्दत पुर्याउने निश्चित छ । विदेशी विज्ञापनहरू एजेन्सीहरू नेपालमा नै विज्ञापन खिच्न आउनुपर्ने, नेपाली कलाकार र मोडलले स्थान पाउने, नेपाली उत्पादनहरू ब्राण्डिङ गर्न मद्दत पुग्ने देखिन्छ ।

विज्ञापन व्यवयासीहरूका अनुसार हाल नेपालमा २२ अर्बको विज्ञापन बजार रहेकोमा क्लिनफिडपश्चात सो करिब १० अर्ब बढेर, ३२ अर्ब पुग्न सक्छ ।

क्लिनफिडपश्चात नेपाली टेलिभिजन च्यानलहरूले प्रसारण गरिरहेका कार्यक्रमहरूले विज्ञापन पाउने हुँदा टेलिभिजनहरूको आम्दानी बढ्ने, पत्रकार र कर्मचारीले न्यूनतम पारिश्रमिक पाउने साथै गुणस्तरीय टेलिभिजन कार्यक्रमहरू निर्माण र प्रसारण हुने देखिन्छ । हाल टेलिभिजनहरूका विज्ञापनमा अस्वस्थ प्रतिस्पर्धा देखिन्छ ।

कतिपय टेलिभिजन च्यानलहरूले एफएम रेडियोले प्रसारण गर्ने शुल्कमा नै विज्ञापन प्रसारण गर्ने कम्तिमा एकदुई जना प्राविधिक र पत्रकार राखेर टेलिभिजनमा गीत मात्रै वजाएर टेलिभिजन नवीकरण शुल्क उठाइरेका छन् भने स्याटेलाइट टेलिभिजन च्यानलहरू सरकारले दिने लोककल्याणकारी विज्ञापनमा निर्भर रहने गरेका छन् । तर यसको ठीक विपरित विदेशी टेलिभिजन च्यानलहरूको रजगज देखिन्छ ।

**भेदभावपूर्ण टेलिभिजन वर्गीकरण**

विदेशमा प्रसारण केन्द्र रही नेपालमा स्याटेलाइटमार्फत सिग्नल पठाई नेपालमा आधिकारिक विक्रेता वा वितरक मार्फत डाउनलिंक अनुमतिपत्र प्राप्त गरी प्रसारणमा रहेका विदेशीभाषी टेलिभिजनहरू साथै नेपालमा केबुल र स्याटेलाइटको माध्यमबाट कार्यक्रम प्रसारणको अनुमति पाएका नेपाली टेलिभिजनहरू अस्तिस्वमा रहे पनि यिनीहरू बीचमा ठूलो विभेद छ ।

विदेशबाट प्रसारण हुने केही टेलिभिजन च्यानलहरू नवीकरण नभए पनि प्रसारण भइरहेका कतिले प्रसारण अनुमतिपत्र नलिए पनि खारेजीमा परे पनि ग्राहकबाट रकम असुली रहेको अवस्था साथै सोनी डिस्कोभरी लगायतका च्यानलहरूले नेपालमा सिग्नल वितरण गरेवापत प्रतिच्यानल दश हजारका दरले रोयल्टी तिर्ने गरेको अवस्था छ भने नेपालमा नै प्रसारण हुन्छ । तर, सिग्नल वितरणको न अनुमतिपत्र लिएको र रोयल्टी तिरेको स्टार लगायतका च्यानलहरू पनि यतिकै चलिरहेको अवस्था छ ।

नेपाली टेलिभिजन च्यानलहरूको नवीकरण दस्तुर १ लाख र प्रसारण तथा वितरण शुल्कवापत कुल आम्दानीको २ प्रतिशत तिर्नुपर्ने व्यवस्था छ तर लाखौं रकम कमाउने र विज्ञापन पनि बजाउने साथै ग्राहकबाट रकम पनि असुल गर्ने विदेशी टेलिभिजन च्यालनहरूलाई चाहिँ प्रतिच्यानल दश हजार मात्रै छ । त्यो पनि स्टार लगायतले नतिर्दा पनि हुने साथै नेपाली टेलिभिजन च्यानलहरूमा समेत विभेद छ देशव्यापी प्रसारण गर्न अनुमति दिने, तर कोही टेलिभिजन केबुलको माध्यमबाट मात्रै प्रसारण हूने त कोही केबुल र स्याटेलाइट दुबैमा जान पाउने व्यवस्था गरी विभेद गरिराखिएको अवस्था छ भने अझ स्याटेलाइट टेलिभिजनहरूलाई विना आधार र औचित्य परम्पराको नाममा सरकारले लोककल्याणकारी विज्ञापनबापत भनी लाखौं अनुदान दिने गरिएको छ । यसरी कसैलाई काखा त कसैलाई पाखा किन ? रेडियो एउटा प्लेटफर्म हो भने टेलिभिजन अर्को हो ।

टेलिभिजन भन्नेबित्तिकै आम मानिसले टेलिभिजन नै बुझ्छन् न कि यो केबल अनि योचाहिँ स्याटेलाइट । यो केबुल भनेर नाक खुम्याउने अनि यो स्याटेलाइट भनी वाहवाह गर्ने अवस्था कसैले पनि गर्दैन । अनि घर-घरमा टेलिभिजन खोल्दा स्क्रिनमा न स्याटेलाइट भनी संकेत-चिन्ह राखिएको हुन्छ न केबुलको छाप नै हानिएको हुन्छ ! यसरी एउटै प्लेटफर्ममा संचालन हुने माध्यमलाई पनि दुईथरी प्रसारणको अनुमतिपत्र भिराउने अनि यो र त्यो भनी शर्त भिराउने गर्नु हुँदैन ।

**क्लिनफिड र विज्ञापन बोर्ड**

क्लिनफिड कार्यान्वयन प्रभावकारी बनाउन र नेपालमा एकद्वार प्रणालीबाट विज्ञापन वितरण गर्ने अवधारणास्वरूप विज्ञापन बोर्डको गठन गर्न लागिएको देखिन्छ । विज्ञापन नियमन गर्ने ऐन, २०७६ को परिच्छेद ३ को दफा-१४ मा नेपालमा विज्ञापन नियमनको लागि एक विज्ञापन बोर्ड गठन गरिने उल्लेख गरिएको छ ।

यसैगरी विज्ञापन बोर्ड नियमावली स्वीकृतिको लागि संचार तथा सूचना प्रविधि मन्त्रालयबाट मन्त्रिपरिषद् पठाइसकिएको बुझिएको छ । सोही ऐनको दफा १५ मा विज्ञापन बोर्डको काम यसरी उल्लेख गरिएको छ :

- विज्ञापन सम्बन्धमा राष्ट्रिय नीति तय गरी मन्त्रालयमा सिफारिस गर्ने ।
- सञ्चार माध्यमबाट प्रसारण गर्ने विज्ञापनको सामग्री परीक्षण गर्न तोकिएको आधारमा मापदण्ड तयार गर्ने,
- विज्ञापन उत्पादन, प्रसारण र वितरणसम्बन्धी आचारसंहिता बनाउने,
- मुलुकको आवश्कताअनुसार राष्ट्रिय हित, सार्वजनिक हित सम्बन्धी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गर्ने
- नभए वा नगरेको कुराको भ्रम फैलाउने, उत्तेजना फैलाउने, अमर्यादित, भेदभावजन्य वा यस ऐन विपरीत विज्ञापन गरिए वा नगरिएको अनुगम गर्ने गराउने ।
- विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्ड विपरीत प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाहीको लागि मन्त्रालयमा सिफारिस गर्ने ।
- नेपाल सरकार, विज्ञापन एजेन्सी, विज्ञापन दाता, सञ्चार माध्यम तथा सरकारी निकायबीच समन्वय गर्ने
- विज्ञापन व्यवसाय र व्यसायीको योग्यता र क्षमता विकास गर्नका लागि आवश्यक कार्यत्रम सञ्चालन गर्न मन्त्रालयमा सिफारिस गर्ने
- उपभोक्ता सजगतासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- सञ्चार माध्यमहरूलाई नेपाल सरकारबाट उपलब्ध गराइने

*बाँकी तीन पृष्ठमा*

# कृषि क्षेत्रको विकासका लागि विश्व बैंकको ९ अर्ब ४४ करोड प्राप्त हुँदै

काठमाडौँ, १३ कात्तिक (रासस) ।

ग्रामीण उद्यम तथा आर्थिक विकासका साथै महामारीपछिको नेपालको कृषि क्षेत्रको पुनरुत्थानमा सघाउन विश्व बैंकले रु नौ अर्ब ४४ करोड ऋण उपलब्ध गराउने भएको छ। कोभिड-१९ पछिको नेपालको कृषि क्षेत्रको पुनरुत्थान तथा त्यसमा रोजगारीका अवसर सृजना, ग्रामीण बजारको सम्पर्क सञ्चार विस्तार तथा उद्यमशीलता प्रवर्द्धन गर्न बैंकले उक्त रकम प्रदान गर्ने निर्णय गरेको हो ।

ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना कार्यान्वयन गर्न बैंकले ऋणस्वरूप उक्त रकम नेपाल सरकारलाई प्रदान गर्ने निर्णय बिहीबार गरेको वासिङटन डीसीस्थित बैंकको प्रधानकार्यालयले जनाएको छ। नेपाली उत्पादनलाई विश्व बजारमा चिनाउन तथा सार्वजनिक- निजी साझेदारीको भावना प्रवर्द्धन गर्न ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना सहयोगी हुने विश्वास बैंकले गरेको छ। चिया, कफी, फलफूल र औषधिजन्य वस्तुको उत्पदानले कोभिड-१९ पछिको पुनरुत्थानमा भरथेग गर्ने अपेक्षा बैंकले गरेको छ।

**प्रदूषणविहीन इँटा उत्पादनका लागि एडीबीको एक करोड ४७ लाख**

यसैबीच, एशियाली विकास बैंक (एडीबी)ले प्रदूषणरहित ढङ्गले इँटा उत्पादन गर्न नेपाल सरकारलाई रु एक करोड ४७ लाख अनुदान प्रदान गर्ने भएको छ। आगो प्रयोग नगरी वातावरण र जनस्वास्थ्यमा असर नपर्ने प्रविधिको उपयोग गर्दै इँटा उत्पादन गर्न बैंकले अनुदानस्वरूप उक्त रकम प्रदान गर्ने निर्णय भएको जनाइको छ।

---

## *नेपालमा ...*

सार्वजनिक हितसम्बन्धी सबै विज्ञापन तोकिएको आधारमा बोर्डमार्फत समानुपानिक रूपमा वितरण गर्ने ।

यसरी सरकारी स्तरबाट साथै विभिन्न मन्त्रालयहरूले आफूखुसी वितरण गर्दै आएका विज्ञापनहरू अब एउटै डालोमा अर्थात विज्ञापन बोर्डमा आउनुपर्ने र विज्ञापन बोर्डमार्फत वितरण गर्नुपर्ने देखिन्छ। अहिले सूचना तथा प्रसारण विभागले पत्रपत्रिका वर्गिकरण गर्ने र पत्रपत्रिकामा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत अनुदान स्वरूप तोकिएको रकम पाउँदै आएका छन् ।

यसैगरी संचार मन्त्रालयले स्याटेलाइट टेलिभिजन र रेडियोहरूलाई लोककल्याणकारी विज्ञापन प्रसारण गरेवापत तोकिए बमोजिम निश्तित रकम प्रदान गर्दै आएको छ। राजश्व विभाग, स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र लगायतका केन्द्रीय मन्त्रालय र निकायहरूले आफैं मापदण्ड बनाउँदै विज्ञापन वितरण गर्ने गरेका थिए ।

अब बोर्ड गठनपश्चात सबै संघीय सरकार अन्तर्गतका निकायहरूले विज्ञापनहरू विज्ञापन बोर्डलाई नै दिनुपर्ने र सो विज्ञापनलाई बोर्डले एकद्वार प्रणालीमार्फत वितरण गरी विज्ञापन प्रकाशन तथा प्रसारण गरेबापत रकम भुक्तानी दिने गर्छ ।

यसरी बृहत अवधारणास्वरूप ल्याइएको बोर्डमा कस्ता अध्यक्ष र पदाधिकारी अनि कर्मचारीहरू नियुक्त हुन्छ र बोर्ड मन्त्रालयबाट कतिको स्वायत्त भई काम गर्न सक्छ। त्यसमा नै यसको सफलता झल्कने देखिन्छ।

तर, बोर्डमा राजनैतिक र राम्रो र योग्यभन्दा हाम्रो अध्यक्ष र पदाधिकारी नियुक्ति गर्ने साथै विज्ञापन भनेको होर्डिङ बोर्ड मात्रै बुझ्ने र घरमा टिभी पनि नहेर्ने पत्रपत्रिका पनि खासै नपढ्ने मोबाइलमा आएका समाचारमा विश्वास गर्ने साथै टिभि हेर्दा विज्ञापन हेर्दा बच्चा-बच्ची बिग्रन्छन् भन्ने पुरातन सोच भएकाहरूले बोर्ड भरिए भने अपेक्षाकृत सफलता त परको कुरा, सफलताको 'स' पनि हात लाग्दैन।

**क्लिनफिडमा व्यावसायी र सरकार**

क्लिनफिड कार्यान्वयन हुनपर्छ भनेर लगभग सबै सहमत भएपनि पछिल्लो समय टेलिभिजन र केबल व्यवसायीहरूले केही समसमायिक मागहरू राखेका समाचार बाहिर आएका छन्। नेपाल सरकारले ऐन तयार गर्दा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजनहरू क्लिनफिडमा संचालन हुनुपर्छ भनेर उल्लेख गरेको तर नेपालमा इत्त (इखभचत तजभ त्यउ) अर्थात, मोवाइल एप्सजस्तै नेपाल टेलिकमको ध्बयतध्भ, उचबदजग, लभततख लगायतबाट प्रसारण हुने त्यही च्यानलमा विज्ञापन समावेश हुने भनिएको छ। तर, केबुल र डिस मिडिया वा स्याटेलाइवाट प्रसारण हुने टेलिभिजनहरूमा चाहिँ क्लिनफिड हुँदा व्यावसायीहरूमा मर्का पर्न जाने देखिन्छ।

साथै अनलाइन टेलिभिजन र वेभसाइटहरूबाट स्ट्रीम हुने टेलिभिजनहरू र कार्यक्रम साथै युट्युवमा चाहिँ क्लिनफिड सम्बन्धमा सरकारले ध्यान दिन जरुरी छ। अन्यथा, खालि केबुल र डिस मिडियालाई मात्रै फोकस गर्ने गरेको अवस्था देखियो भन्दै व्यवसायीहरूले सरकारलाई ध्यानाकर्षण गराइसकेको देखिन्छ।

एक हदसम्म व्यावसायीहरूको यो माग सही पनि देखिन्छ। किनकि, जब क्लिनफिड लागू हुन्छ, तब नेपालमा केबल र डिस मिडियाका ग्राहकहरू घट्ने देखिन्छ। यसको कारण के हो भने हाल विभिन्न प्याकेज गरी करिब ३५० देखि १००० सम्ममा क्म(ज्म प्याकेजहरू ग्राहकले पाइरेको अवस्था छ। अब यो करिब ४ गुणा बढ्ने निश्चित छ। यसले केबुलका ग्राहक त घटाउँछ नै, इत्त र इलेक्ष्ल्भ का साथै इन्टरनेटका ग्राहक बढाउँछ। यसका साथै मूल्य चार गुणा बढ्दा विदेशी मुद्रा पनि नेपालबाट बढी नै बाहिरिने सम्भावना हुन्छ। साथै, कानुनीभन्दा गैरकानुनी बाटोबाट रकम बाहिरिन सक्ने देखिन्छ।

यसैले व्यावसायीहरूले उठाएका मागहरू सम्बोधन गरी केबुल स्याटेलाइटका साथै ओटीटी र इन्टरनेटबाट स्ट्रिम हुने टेलिभिजनहरू समेत क्लिनफिडमा सञ्चालन हुने गरी ऐन संशोधन हुनु आवश्यक छ।

केही दिनअघि नेपालमा कानुनी हिसाबले चलाउन नमिल्ने नेटफ्लिक्स तथा अमेजन प्राइम भिडियोहरूका ग्राहकहरू वृद्धि भएको तथा यिनीहरूलाई 'दराज नेपाल'जस्ता सामान बिक्रि र डेलिभरी गर्ने अनलाइन पोर्टल र ईसेवाको मिलेमतोमा कम्तिमा मासिक ५० करोड रकम बाहिरिने गरेको भनी समाचारहरू सार्वजनिक भएका थिए।

यसरी हुण्डि र गैरकानुनी बाटोबाट भारतीय टेलिभिजन र वेभ सिरिजहरू हेर्न करोडौं रकम बाहिरिने गर्दा पनि नेपाल सरकार खालि केबुल र टेलिभिजन मात्रै भनी यस्ता गैरकानुनी र हुण्डी कारोवार रोकी नेपाल सरहदभित्र सञ्चालन हुने सबै टेलिभिजनहरू क्लिनफिडमा सञ्चालन हुनुपर्ने व्यवस्था मिलाउन नेपाल दूरसंचार प्राधिकरणसँग समन्वय गरी एकरूपता कायम गरी क्लिनफिड लागू गर्नु उचित हुन्छ।

**क्लिनफिड कार्यान्वन र जनशक्ति**

क्लिनफिड अनुगमन गर्ने निकाय सूचना तथा प्रसारण विभाग हो। यसको नीति निर्माण र सहजकारी निकाय संचार तथा सूचना प्रविधि मन्त्रालय हो। क्लिनफिड कार्यान्वन गर्न विभागले यन्त्र उपकरणहरू सहितका सफ्टवेयर जडान गरिसकेको अवस्था छ। तर, विभाग र मन्त्रालयमा आवश्यक जनशक्ति अभाव देखिन्छ। क्लिनफिडको अनुगमन गर्न प्राविधिक जनशक्ति त्यो पनि इलेक्ट्रोनिक इन्जिनियर नै आवश्यक पर्ने देखिन्छ र विभाग तथा मन्त्रालयमा यसको सर्वथा अभाव छ। प्रशासनिक जनशक्ति र नेतृत्वले यसको मनिटरिङ गर्न सक्ने देखिँदैन साथै प्रशासनिक माइण्डले यति टेक्निकल कुराहरू बुझ्न सक्ने देखिँदैन। त्यसैले सरकारले अविलम्ब प्राविधिक जनशक्ति थप्दै यसको सफल कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरू यति शक्तिशाली छन् कि यिनले सरकार परिवर्तन गर्न सक्ने तागत राख्छन्। नीतिगत छिद्रभित्र गएर प्रहार गर्न सक्छन्। २०७४ मा हामीले नै क्लिनफिड हुन नदिन सरकार परिवर्तन गरेका हौं भनी खुलमखुल्ला प्रस्तुत हुन कुनै हिचकिचाहट गर्दैनन्।

अन्तमा, नेपालमा असल मनसायले क्लिनफिड ल्याइएको हो। नेपाली विज्ञापन बजारलाई विस्तार गर्न, नेपाली टेलिभिजन च्यानलहरूको प्रमोशन गर्न, विदेशी कला र संस्कृतिको बिस्तारलाई रोक्दै नेपालको मौलिक कला र कलाकारलाई प्रमोशन गर्न गरी नेपाली प्राविधिक जनशक्तिलाई रोजगारी दिनका लागि ल्याइएको यो अवधारणा सफल पार्न सञ्चार तथा सूचना प्रविधि मन्त्रायय, विभाग, बोर्ड र प्राधिकरणबीच आपसी सहकार्य र समन्वय हुन जरुरी छ। (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कार्यरत छन्।) अनलाइनखबरबाट

## *कंचनपुरमा ...*

अस्पतालको निर्माण भएको स्वास्थ्य शाखाका सह-संयोजक डम्बर प्रसाद गुप्ताले जानकारी दिए। अस्पतालमा एक चिकित्सक, दुई स्टाफ नर्स र एक कार्यालय सहयोगी रहने व्यवस्था मिलाइएको छ।

कार्यक्रममा उपप्रमुख निरु पोखरेल, वडा नम्बर ८ का अध्यक्ष राजकुमार साह, नेकपाका बच्चुलाल चौधरी, जसपाका सुदम्बर यादव, स्वास्थ्य शाखाका सुरेन्द्र प्रसाद यादव, कोभिड १९ सिआइसिटी टिम संयोजक विकास कुमार गुप्ता, बहुक्षेत्रीय पोषण कार्यक्रमकी स्वयमसेवीका सुशीला चौधरी लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गरेका थिए।

# पूर्वी कमाण्डअन्तर्गतका कम्पनी कमिशनर पक्राउ

विराटनगर, १३ कातिक (रासस)।

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका दुई जना कार्यकर्ता पक्राउ परेका छन्।

नेपाल कम्युनिस्ट पार्टी विप्लव समूहका दुई जना कार्यकर्ता पकाउ परेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

प्राप्त सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक सन्तोषकुमार खड्काको नेतृत्वमा गएको टोलीले मोरङ मिक्लाजुङ गाउँपालिका-१ स्थित बिजुलीप्रसाद तिम्सिनाको घर खानतलासीका क्रममा बुधबार साँझ उनीहरू पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा इलाम चुलाचुलीका १८ वर्षीय सनम भन्ने विज्ञान राई र सप्तरीको सुरुङ्गा नगरपालिका-२ का ३२ वर्षीय प्रतीक भन्ने काशीनाथ घिमिरे छन्। उनीहरूको साथबाट हातहतियार, खरखजना, बिष्फोटक पदार्थ, विप्लव समूहको दस्तावेज र बन्दोवस्तीका सामानहरू बरामद भएको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धान र सोधपुछ गर्दा पक्राउ परेकामध्ये काशीनाथ घिमिरे विप्लव नेतृत्वको नेकपा पूर्वी कमाण्ड मेची/कोशी व्यूरो चौथो कम्पनीका कम्पनी कमिशनर (पूर्व सप्तरी जिल्ला सेक्रेटरी) र विज्ञान राई पार्टीको साधरण सदस्य रहेको देखिएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो।

---

## विश्व समाचार

### अमेरिकी चुनावः नयाँ जनमत सर्वेक्षणमा बाइडेनलाई अग्रता

वासिङ्टन, १३ कात्तिक (रासस-एएनआई)।

अमेरिकी राष्ट्रपतिमा डेमोक्रेटिक पार्टीका तर्फबाट उम्मेदवार रहनु भएका पूर्व उपराष्ट्रपति जो बाइडेनले पछिल्लो जनमत सर्वेक्षणमा वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पभन्दा झण्डै १२ प्रतिशतले अग्रता बनाउनु भएको देखिएको छ।

बुधबार सार्वजनिक भएको पछिल्लो राष्ट्रव्यापी मतसर्वेक्षणमा बाइडेनले ५४ प्रतिशत र राष्ट्रपति ट्रम्पले ४२ प्रतिशत मत प्राप्त गर्नु हुनेछ। पछिल्ला राष्ट्रपति निर्वाचनहरूमा भन्दा यसपटक सबैभन्दा बढी मतान्तर देखिएको छ।

सन् २०१६ को राष्ट्रपति निर्वाचनमा ट्रम्पसँग पराजित हिलारी क्लिन्टनले प्राप्त गरेको मतभन्दा अहिले बाइडेनले धेरै मत प्राप्त गर्नुहुनेछ, र दुबै उम्मेदवारबीचको मतान्तर अझ बढ्दै गएको छ। गत वर्षदेखि नै सिएनएनले गरेका हरेक मतसर्वेक्षणमा बाइडेनले नै अग्रता बनाइरहनु भएको छ।

विगतमा रिपब्लीकन पार्टीतर्फ झुकाव राख्ने कैयौं मतदाताले यसपटक बाइडेनलाई समर्थन गर्न थालेको पनि सर्वेक्षणमा उल्लेख छ। महिला मतदातामध्ये बाइडेनलाई मतदान गर्नेको संख्या ६७ र ट्रम्पलाई मतदान गर्ने ३७ प्रतिशत रहेका छन् भने गैर-अश्वेत मतदाताबीच पनि ७१-२४ प्रतिशतको मतान्तर छ। राष्ट्रपति ट्रम्पलाई स्वीकारोक्ती दर ४२ प्रतिशत छ भने ५५ प्रतिशतले उहाँका कार्यशैलीलाई रुचाएका छैनन्। अमेरिकामा यही नोभेम्बर ३ मा राष्ट्रपतिको निर्वाचन हुँदैछ।

### भारतमा संक्रमित ८० लाख नाघे, १ लाख २० हजार बढीको मृत्यु

नयाँदिल्ली, १३ कात्तिक (रासस-पिटिआई)।

भारतमा कोरोनाभाइरसबाट संक्रमितको संख्या बिहीबारसम्ममा ८० लाख नाघेको छ। भारतीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ४९ हजार ८८१ जना नयाँ संक्रमित थपिएका छन् भने ५१७ जनाको मृत्यु भएको छ।

मन्त्रालयका अनुसार कोभिड-१९ बाट संक्रमितमध्ये झण्डै ९१ प्रतिशत अर्थात् करिब ७३ लाख व्यक्ति संक्रमणमुक्त भएका छन्। कोभिड-१९ को संक्रमणबाट हालसम्म १ लाख २० हजार ५२७ जनाको मृत्यु भएको छ। केही दिनदेखि नयाँ संक्रमित र मृत्यु दरमा निरन्तर कमी आएको भारतमा पछिल्लो पटक मृत्यु दरमा १.४९ प्रतिशतले कमी आएको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले कोरोनाभाइरस सक्रिय संक्रमित व्यक्तिको संख्या ६ लाख ४ हजारको हाराहारीमा रहेको जनाएको छ। परिषदका अनुसार देशव्यापी कोरोना परीक्षण संख्या १० करोड ६५ लाख रहेको छ। पछिल्लो २४ घण्टामा मृत्यु भएकाहरूमा महाराष्ट्रका ९१, पश्चिम बंगालका ६०, छत्तिसगढ र कर्नाटकका ५५-५५, दिल्लीका ४०, तमिलनाडूका ३५ तथा केरलाका २७ जना रहेका छन्।

भारतमा कूल मृत्यु भएका १ लाख २० हजार ५२७ व्यक्तिमध्ये महाराष्ट्रका ४३ हजार ५५४, कर्नाटकका ११ हजार ४६, तमिलनाडूका ११ हजार १८, उत्तर प्रदेशका ६ हजार ९५८, आन्ध्र प्रदेशका ६ हजार ६४३, पश्चिम बंगालका ६ हजार ६६४, दिल्लीका ६ हजार ३९६, पञ्जाबका ४ हजार १५८ तथा गुजरातका ३ हजार ७०१ जना रहेका छन्। भारतीय स्वास्थ्य मन्त्रालयले कूल मृत्यु भएका व्यक्तिमध्ये झण्डै ७० प्रतिशत व्यक्ति अन्य रोगबाट पीडित रहेको जनाएको छ।

### दक्षिण कोरियाली पूर्व राष्ट्रपति लीलाई भ्रष्टाचार अभियोगमा पुनः जेल सजाय

सियोल, १३ कात्तिक (रासस/एएफपी)।

दक्षिण कोरियालीपूर्व राष्ट्रपति ली म्युङ-वाकलाई सर्वोच्च अदालतले बिहीबार घुस तथा भ्रष्टाचार अभियोगमा १७ वर्ष जेल सजाय तोकेको छ। सन् २००८ देखि २०१३ सम्म राष्ट्रपति रहनुभएका अनुदारवादी नेता लीलाई उहाँकै अनुरोधमा मुद्दाको फैसला नहुँदासम्म धरौटीमा रिहा गरिएको थियो। फैसलाको पर्खाइमा रहेका लीले आफ्ना विश्वासपात्रमार्फत्आर्थिक अनियमितता गरेको आरोप लागेको थियो।

यो फैसलाले पूर्व राष्ट्रपति लीलाईपुनरावेदनको सुविधा दिएको छैन। यदि राष्ट्रपतिबाट सजाय माफ नभएमा उहाँले जेलमा नै मृत्युलाई पर्खनुको विकल्प हुने सम्भावना कम छ। उहाँलाई जेलमा फिर्ता लान प्रहरी उहाँको सियोलस्थित घरमा पुगेको थियो।

योन्हाप समाचार एजेन्सीका अनुसार उहाँले स्वास्थ्यको कारणबताउँदै तत्काल पक्राउ नगर्न आग्रह गर्नुभएको थियो भने उहाँको उक्त अनुरोधलाई प्रहरीले उहाँलाई सोमबार हिरासतमा लिनेगरी मानेको छ। अक्सर राजनीतिक प्रतिद्वन्द्वीहरूका उत्तराधिकारीहरूको अनुसन्धानको परिणामस्वरूप दक्षिण कोरियाका चारै जना पूर्व राष्ट्रपतिहरू या त जेलमा छन् वा जेल सजाय पाएका छन्।

लीलाई पहिलो पटक सन् २०१८ को अन्त्यमा भ्रष्टाचार आरोपमा दोषी ठहर गर्दै जेल सजाय सुनाइएको थियो। तर उहाँले उक्त मुद्दामा पुनरावेदन अदालतले उहाँलाई १७ बर्षका लागि सजाय तोकिएको थियो।उहाँले देशको सर्वोच्च अदालतमा पुनरावेदन गरेपछि नया निर्णय नहुँदासम्मका लागिउहाँलाई जमानतमा रिहा गरिएको थियो।

अदालतले उहाँलाई २५ अर्ब २० करोडकोरियन वनको अनियमितता र नौ अर्ब ४० करोड वन बराबर घुष स्वीकार गरेको ठहर गर्दै १७ वर्षको जेल सजाय तोकिएको हो। लीलाई यसबाहेक अन्य आर्थिक अनियमिततासम्बन्धी मुद्दामा पनि सम्लग्नता रहेको आरोप लागेको छ।

स्मरण रहोस् लीका उत्तराधिकारी पार्क ग्युन हेले पनि शक्तिको दुरूपयोग गरेको र घुष स्वीकार गरेको अभियोगमा दोषी ठहर गर्दै २० वर्ष जेल सजाय तोकिएको र उहाँले आफ्नो जेल सजाय विताइरहनुभएको छ। पूर्व राष्ट्रपति तथा उदारवादी नेता रो मू-ह्युनमाथि पनि भ्रष्टाचार आरोप लागेपछि उहाँले आत्म हत्या गर्नुभएको थियो। रो वर्तमान् राष्ट्रपति मून जाय-इनको राजनीतिक सल्लाहाकारका रूपमा काम गर्नुभएको थियो।

# जिल्ला प्रशासन कार्यालयमा हातधुने स्टेशन जडान



**दैनिक समाचारदाता राजविराज, १३ कात्तिक ।**
सेवाग्राहीहरुको बढी भिडभाड हुने स्थान भएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा बिहीबार प्याडलसहितको हात धुने स्टेशन जडान गरिएको छ ।

युनिसेफ प्रदेश कार्यालय जनकपुधामको सहयोग तथा सप्तरी सामुदायिक विकास केन्द्र, नेपालको सहजिकरणमा प्याडलसहितको हातधुने स्टेशन जडान गरिएको हो ।

सो स्टेशनको प्रमुख जिल्ला अधिकारी हरि शंकर आचार्यले हात धोएर हातधुने स्टेशनको उद्घाटन गरेको सप्तरी सामुदायिक विकास केन्द्र नेपालका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

यसअघि संस्थाले जिल्ला अदालत सप्तरी, उच्च अदालत राजविराज जनकपुर इजलास, जिल्ला प्रहरी कार्यालय, कर सेवा केन्द्र लगायतमा पनि सोही प्याडल जडान गरिसकेको छ ।

# हतियार र लागु औषधसहित दुई पक्राउ



**दैनिक समाचारदाता सिरहा, १३ कात्तिक ।**
सिरहा जिल्लाको कर्जन्हा नगरपालिका वडा नं. २ बन्दिपुर बजारबाट प्रहरीले दुई जनालाई हतियार र लागुऔषधसहित बिहीबार पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय बन्दिपुरबाट खटिएको प्रहरी टोलीले स.७ प.२५५३ न.को मोटरसाइकललाई चेकजाँच गर्ने क्रममा हतियार र लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको हो ।

यसरी पक्राउ पर्नेहरुमा सिरहा कर्जन्हा नगरपालिका २ बस्ने २२ वर्षिय डिम्पल यादव रहेका छन् । उनको साथबाट कटुवा पेस्तोल १ थान, गोली १ थान र नाईट्रोभेट ट्याब्लेट ६ पिस फेला परेको प्रहरीले जनाएको छ ।

यता पक्राउ परेका यादवलाई थप सोधपुछ गर्दा सोही स्थान निवासी २२ वर्षिय प्रेमनाथ यादव समेतको संलग्नता रहेकोले प्रेमनाथ समेतलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


# धान खेतमा स्मार्ट लाइसेन्स फेला

धनुषा, १३ कात्तिक (रासस) ।
प्रदेश नं २ को अस्थायी राजधानी जनकपुरधामको मुजेलियास्थित यातायात कार्यालयको स्मार्ट सवारी चालक अनुमतिपत्र धान खेतमा फालिएका अवस्थामा फेला परेको छ । तयस

यातायात व्यवस्था विभागबाट बनेर तयार भएर आएका लाइसेन्स जनकपुरधाम उपमहानगरपालिका १४ स्थित यातायात कार्यालयदेखि झण्डै दुई सय मिटर पश्चिमतर्फ रहेको खेतमा धान काट्न गएका महिलाले फेला पारेका हुन् । उनीहरूले लाइसेन्स संकलन गरेर यातायात कार्यालयलाई बुझाएका छन् ।

धानखेतमा लाइसेन्स फेला परेको स्थान देखाउँदै एक महिलाले भन्नुभयो, 'बुधबार दिउँसो धान काट्न आउँदा खेतमा जतातत‍ै लाइसेन्स छरिएको अवस्थामा देख्यौं, सबै संकलन गरेर यातायातका कर्मचारीलाई बुझाएका छौं ।' यातायात कार्यालयमा राखिएको लाइसेन्स धान खेतमा फेला परेपछि कार्यालयको सुरक्षामाथि नै प्रश्न उठेको छ ।

यातायात कार्यालय जनकपुरधामका अधिकृत वीरेन्द्र साहले लाइसेन्स धान खेतमा फेला परेको स्वीकार गर्दै तीन सय थान जभिटिएको जानकारी दिनुभयो । अधिकृत साहले भन्नुभयो, 'कसैले गलत नियत राखेर लाइसेन्स फालेको हुन सक्छ । यसबारे जिल्ला प्रशासन कार्यालय धनुषालाई जानकारी गराएका छौं ।'

यातायात कार्यालय जनकपुरधाममा दलाल र बिचौलियाको सहज पहुँच छ । तिनले लाइसेन्ससहितका कागजात बोकेर आफूखुशी ओहोरदोहोर गरे पनि यातायात कार्यालयका कर्मचारी मूकदर्शक बन्ने गरेको सेवाग्राही बताउँछन् ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

स्व. गुलाबदेवी यादव

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादव (लाली) को ममतामयी माता श्रीमति गुलावदेवी यादवको २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्ध भएका छौ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**शम्भुनन्द चौधरी**
**अध्यक्ष**
**गैसस महासंघ नेपाल, शाखा सप्तरी, परिवार**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*